# निभिक्स् फर्मास्यूटिकल्स लिमिटेड

रजिष्टर्ड कार्यालय, व्यास-१०, तनहुँ

# विशेष साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१२ गते

**श्री शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८३/०६/०७ मा बसेको सञ्चालक समिति बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ तथा कम्पनीको नियमावली अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा सहभागिताका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान:**

सभा हुने मिति : २०८३/०६/२६ गते (तदनुसार १२ अक्टोबर २०२६), सोमबार ।

सभा शुरु हुने समय : बिहान ११:०० बजे ।

स्थान : पोखरा ईभेन्ट सेन्टर, बुलौदी पोखरा ।

**छलफलका विषयहरु:**

**(क) विशेष प्रस्ताब**

१. कम्पनीको प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) संशोधन गरी हालको अधिकृत पूँजी तथा जारी पूँजी रु. ५५,००,००,००० (अक्षरेपी पचपन्न करोड मात्र) बाट वृद्धि गरी अधिकृत पूँजी तथा जारी पूँजी रु. ७२,१८,७५,०००.०० (अक्षरेपि बहत्तर करोड अठार लाख पचहत्तर हजार मात्र) पुर्‍याउने सम्बन्धमा ।

२. कम्पनीको ४० प्रतिशत हकप्रद शेयर (Right Share) जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यको लागी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. कम्पनीको प्रबन्धपत्र/ नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।

४. हकप्रद शेयर निष्काशनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने सम्बन्धमा ।

५. कम्पनीको पूँजी संरचनामा परिवर्तन हुने भएकाले, कम्पनीको प्रबन्धपत्रको दफा ६ (ङ) र (च) संशोधन गरि संस्थापक शेयरधनी समूहको शेयर स्वामित्व ७५ प्रतिशतबाट बृद्धि गरी ८० प्रतिशत बनाउने र सर्वसाधारणका लागि जारी गर्ने भनी छुट्टाइएको साविकको २५ प्रतिशत शेयरलाई संशोधन गरी परिवर्तित पूँजी संरचना अनुसार कायम जारी पूँजीको २० प्रतिशत बराबरको शेयर सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने प्रस्ताव पारित गर्ने तथा सो सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६. विविध

## साधारण सभा सम्बन्धी थप जानकारीहरु

१. सभामा भाग लिनुहुने प्रत्येक शेयरधनीहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि खुला रहने छ ।

२. विशेष साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति असोज २०, २०८३ एक दिनका लागि बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति असोज १९, २०८३ सम्म कायम रहेको शेयरधनीहरु विशेष साधारण सभामा भाग लिन सक्नेछन् ।

३. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारीपत्र सहित उपस्थित हुनु पर्ने छ ।

४ प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कम्पनीको शेयरधनी हुनु पर्नेछ ।

५. संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।

६. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई कम्पनीको आधिकारिक प्रतिनिधि (प्रोक्सी) फारम भरी सभा हुनु भन्दा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

**संचालक समितिको निर्णयानुसार**

**कम्पनी सचिव**